झक्क बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## सरुमारानी गाउँपालिका, कार्यपालिकाको पचासौं बैठकका प्रस्तावहरु
## मिति २०८१।०८।१३ गते

१. प्रगति समिक्षा सम्बन्धमा ।

२. आ.ब. २०८०।०८१ को लेखा परिक्षण प्रतिवेदन सभामा पेश गर्ने सम्बन्धमा ।

३. लघुउद्यम विकास कार्यक्रमको कार्यक्षेत्र छनौट र बजेट बाडफाँड सम्बन्धमा ।

४. प्रथम चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।

५. स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन सम्बन्धमा ।

६. प्रदेशको राजश्ववाडफाँडको बाकी रकम फिर्ता सम्बन्धमा ।

७. विघालय भौतिक पूर्वाधार समिति गठन तथा विधालय छनौट सम्बन्धमा ।

८. वैदेशिक रोजगार सन्तति छात्रवृत्तिका लागि सिफारिस सम्बन्धमा

९. गाउँपालिका शिक्षक अनुदान सम्बन्धमा ।

१०. बिविध सम्बन्धमा ।

- मौलाना शिक्षक तलब सम्बन्धमा ।
- ढंगाँगीट्टी वालुवाको निकासी सूचना अनुमोदन सम्बन्धमा ।
- जुनियर तथा युवा रेडक्रस सर्कल शिक्षक नायकहरुको जिल्ला स्तरीय गोष्ठी सम्बन्धमा ।
- न्यायिक समितिको अध्ययन भ्रमण सम्बन्धी जानकारी ।
- झोलंगे पुल माग गर्ने सम्बन्धमा ।
- अन्य ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झक्क बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

हेमिराज पाठक
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## बैठक संख्या-५०

## गाउँकार्यपालिकाको पचासौं बैठकका निर्णयहरु-२०८१।०८।१३ गते

**निर्णय नं. १ प्रगती समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।०७।२३ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन भएको जानकारी भयो । साथै गाउँपालिकाबाट र वडा कार्यालयहरुवाट चालु आ.ब.को यस अवधिमा भएका विभिन्न कृयाकलापहरु जस्तैः विभिन्न खोप कार्यक्रम, बजार अनुगमन, व्यक्तिगत घटना दर्ता, सामाजिक सूरक्षा कार्यक्रम, विद्यालय अनुगमन, वडा कार्यालय र स्वास्थ्य संस्थाबाट भएका सेवा प्रवाह, योजना तथा कार्यक्रमहरुको कार्यान्वयन तथा अनुगमनको विषयमा जानकारी, छलफल एवं समिक्षा भयो ।

**निर्णय नं. २ आ.ब. २०८०।०८१ को लेखा परिक्षण प्रतिवेदन गाउँसभामा पेश गर्ने सम्बन्धमा।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.ब.२०८०।०८१ को अन्तिम लेखा परीक्षण प्रतिवेदन, २०८० को प्रारम्भिक प्रतिवेदन माथि लेखा समितिबाट निर्णय अनुसार यस गाउँकार्यपालिकालाई जानकारी तथा छलफल भयो । प्रारम्भिक प्रतिवेदनमा औंल्याईएका सैद्धान्तिक र गाउँसभाबाट नियमित गर्नु पर्ने विषयहरु गाउँसभामा पेश गर्ने र अन्य बेरुजुहरु नियमानुसार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३ लघुउद्यम विकास कार्यक्रमको कार्यक्षेत्र छनौट र बजेट बाडफाँड सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.ब. २०८१।०८२ को संघीय शसर्त अनुदान अन्तर्गत गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रममा विनियोजन भएको रु. १८,००,०००/- बाट कार्यक्रम कार्यान्वयनका लागि कार्यक्षेत्र छनौट र वजेट बाडँफाड निम्नानुसार गर्ने निर्णय गरियो ।

तपशिल

क) <u>बजेट तथा कार्यक्रम सम्बन्धमा ।</u>

आ.ब. २०८१।०८२ को गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरुको बजेट निम्नानुसारको शिर्षकमा प्राप्त भएकोछ ।

| क्र.स. | विवरण | बजेट रकम रु.मा |
|---|---|---|
| १ | नयाँ उद्यमी सिर्जना तर्फ | ९,२०,००० |



हेमिराज पाठक
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| २ | स्तरोन्नती तर्फ | २,४०,००० |
| ३ | प्रविधि हस्तान्तरण तर्फ (५ जनाको समूहमा) | १,४०,००० |
| ४ | साझा सुविधा केन्द्र स्थापना | ५,००,००० |
| | जम्मा | ३०,००,००० |

उक्त वजेटको आधारमा आ.व. २०८१।०८२ मा नेपाल सरकारको सशर्त अनुदान मार्फत नयाँ उघमी श्रृजनाको लागि प्राप्त वजेट रु ९,२०,०००।- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका २०७७ को तालिका नं.१ मा उल्लेख भए वमोजिम वजेट प्रतिशत तपशिल बमोजिम कायम गरी बाँडफाँड गरिएको छ ।

| क्र.स. | विवरण | वजेट प्रतिशत दायरा | विनियोजन वजेट प्रतिशत | रकम रु. |
|---|---|---|---|---|
| १ | उद्यम विकास लागि सामाजिक परिचालन | वढीमा ३ प्रतिशत सम्म | ३ | २७६०० |
| २ | उद्यमशिलता विकास तालिम | ७ देखि ९ प्रतिशत | ९ | ८२८०० |
| ३ | प्राविधिक सीप विकास तालिम | ३५ देखि ४१ प्रतिशत | ३८ | ३४९६०० |
| ४ | प्रविधि हस्तान्तरण | १५ देखि १८ प्रतिशत | १५.०४ | १३८४०० |
| ५ | वित्तीय सेवामा पहुँच | ३ देखि ४ प्रतिशत | ३ | २७६०० |
| ६ | वजारीकरणमा सहयोग | ३ देखि ५ प्रतिशत | ३ | २७६०० |
| ७ | उद्यम विकास सहजकर्ता परिचालन | २४ देखि ३३ प्रतिशत | २९ | २६६४०० |
| | जम्मा | | १०० | ९२०००० |

**ख) कार्यक्षेत्र छनौट सम्बन्धमा ।**

यस आ.व. २०८१/०८२ को लागि यस सरुमारानी गाउँपालिका को लक्ष्य निम्नानुसार नयाँ उद्यमी सिर्जना गर्न नयाँ उद्यमी सिर्जना तर्फको कार्यक्षेत्र सरुमारानी गाउँपालिका वडा न. ३ र स्तरोन्नती तर्फको कार्यक्षेत्र वडा न. १ लाई छनौट गर्ने र वडा नं. १ मा वचत रहेको रकमबाट वडा नं. ५ मा गर्ने निर्णय गरियो ।

देवीराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

**ग) साझा सुविधा केन्द्र स्थापना सम्बन्धमा ।**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका २०७७ बमोजिम स्थापना हुने साझा सुविधा केन्द्र वडा नं. २ को दर्भान क्षेत्रलाई छनौट गर्ने र उक्त स्थानमा जग्गा उपलब्ध हुन नसकेमा वडा नं. ५ जसपुर क्षेत्रमा स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ प्रथम चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.व. २०८१।०८२ को प्रथम समिक्षा तथा चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम २०८१ मंसिर २० गते गाउँपालिकाको सभाहलमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा नेपाल सरकार, स्वास्थ्य बीमा बोर्ड, जिल्ला सम्पर्क शाखा प्यूठानको मिति २०८१।०८।१० च.न. ४८ को पत्र अनुसार स्वास्थ्य वीमा ऐन, २०७४ तथा नियमावली २०७५ को नियम २६ मा भएको ब्यवस्था अनुसार तपशसिल बमोजिमको गाउँपालिका स्तरीय स्थानीय तह स्वास्थ्य बीमा संयोजना समिति गठन गर्ने निर्णय गरियो । साथै स्वास्थ्य बीमा वोर्ड, जिल्ला सम्पर्क शाखा प्यूठानलाई बीमा कार्यक्रमको विषयमा गाउँकार्यपालिका र सरोकारवालाई अभिमुखिकरण गर्न अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

| | | |
|---|---|---|
| क) | गाउँपालिका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा | -संयोजक |
| ख) | सबै भन्दा वढी जनसंख्या भएको वडाका वडा अध्यक्ष श्री भानुभक्त भुसाल | -सदस्य |
| ग) | अध्यक्षले मनोनित सेवा प्रदायक संस्थाको प्रतिनिधि श्री प्यूठान अस्पताल प्रतिनिधि | -सदस्य |
| घ) | अध्यक्षले मनोनित स्वास्थ्य क्षेत्रको अनुभवी ब्यक्ति- श्री हुत बहादुर राना | -सदस्य |
| ङ) | अध्यक्षले मनोनित महिला स्वंयसेविका श्री सरस्वता रिजाल | -सदस्य |
| च) | शाखा प्रमुख, स्वास्थ्य विषय हेर्ने श्री टेकेन्द्र रायमाझि | -सदस्य |
| छ) | दर्ता अधिकारी स्वास्थ्य विमा वोर्ड ( सम्बन्धित पालिका) श्री असोक पण्डित | -सदस्य |
| ज) | प्रमुख प्रशासकीय अधिकृत श्री देवीराम पाठक | -सदस्य सचिव |

**निर्णय नं. ६ प्रदेशको राजश्ववाडफाँडको बाकी रकम फिर्ता सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको गत आ.ब. २०८०।०८१ को राजश्ववाडफाड वापतको लुम्विनी प्रदेश सरकारलाई फिर्ता गर्न छुट भएको रकम रु. ७,२४,३४५ /- यस गाउँपालिकाको चालू बर्ष आ.ब. २०८१।०८२ को बार्षिक स्वीकृत कार्यक्रमः- गत वर्षको दायित्व सिर्जना भइ भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रम भुक्तानी शीर्षकबाट रकम फिर्ता गर्ने निर्णय गरियो ।

देवीराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७ संघीय अनुदानको भौतिक पूर्वाधार निर्माणका लागि छनोट गर्न समिति गठन सम्बन्धमा :**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा संघीय अनुदान अन्तर्गत चालू आ.व. मा स्वीकृत भौतिक पुर्वाधार निर्माणको लागि विधालय छनौटको विषयमा विद्यालय भौतिक पूर्वाधार निर्माण सम्वन्धी मापदण्ड, २०८० को दफा ६(क) बमोजिम विद्यालयको भौतिक सर्वेक्षण गराई प्रतिवेदन तयारी गर्ने र विवरण EMIS मा प्रविष्टि गराउने विषय उल्लेख गरेको छ । सोहि मापदण्डको दफा-६ बमोजिम सरुमारानी गाउँपालिकामा विद्यालय भौतिक पूर्वाधार निर्माण सम्वन्धी भौतिक सर्वेक्षण गर्नको लागि देहाय बमोजिमको सदस्य रहने गरी स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. चिन्तबहादुर सोमै- पूर्वाधार समिति संयोजक- संयोजक

२. सुभाष गौतम - सदस्य ( इन्जिनियर-प्राविधिक शाखा)

३. तेजेन्द्र भण्डारी -सदस्य (योजना तथा अनुगमन शाखा)

४. सन्देश घर्ती -सदस्य (वन प्राविधिक) वातावरण हेर्ने अधिकृत

५. अन्जु भाट -सदस्य स.म.वि.नी .लैगिक समता तथा समावेशीकरण हेर्ने कर्मचारी

६. पुष्पलाल शाही .- शिक्षा अधिकृत- सदस्य सचिव

साथै यस शिर्षक अन्तरगत प्राप्त बजेटबाट नेपाल राष्ट्रिय मा.बि. हंशपुरको चारकोठे भवन निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८. वैदेशिक रोजगार सन्तति छात्रवृत्तिका लगि सिफारिस सम्बन्धमा :**

सरुमारानी गाउँपालिका वडा नं.४ छतिवनदमार निवासी रुकबहादुर राना वैदेशिक रोजगारीको क्रममा मृत्यु भएकोले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार वोर्ड मार्फत पाउने वैदेशिक रोजगार सन्तति छात्रवृत्ति पाउनका लागि सिफारिस माग गरेकाले तपसिल अनुसार सिफारिस गर्ने निर्णय गरियो :

| क्र.सं | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | नाता | सदस्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | अनुप राना मगर | बालविकास | २०७६/११/१८ | ०९४२८६७६ | बुबा | छोरा | |
| २ | अमित राना मगर | ५ | २०७२/०६/०८ | | बुबा | छोरा | |

**निर्णय नं. ९ गाउँपालिका अनुदान शिक्षक सम्बन्धमा :**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. २०८१/८२ मा संघीय अनुदान मार्फतमा माध्यमिक तह अंग्रेजी, गणित, विज्ञान विषय शिक्षक शिक्षण सहयोग अनुदान शीर्षकमा-३ जना शिक्षक बराबरको वजेट प्राप्त भएको र उक्त अनुदानमा तपसिलका विद्यालयमा गाउँपालिका अनुदान शिक्षकको सट्टामा नियुक्त गरिएकोले गाउँपालिका अनुदान शिक्षकको कोटा सोही विद्यालयमा कायम गर्ने र विधालयको आवश्यकता अनुसार शिक्षक पद परिवर्न गरी शिक्षक पदपुर्ने गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | नियुक्त गरेको विषय | रिक्त गा.पा.अनुदान | कैफियत |
|---|---|---|---|---|
| १ | श्रमरानी मा.वि.बुढिचौर | अंग्रेजी | १ | |
| २ | भीमसेन मा.वि.जस्पुर | विज्ञान | १ | |
| ३ | सत्य मा.वि. ददेरी | गणित | १ | |

**निर्णय नं. १०. बिबिध सम्बन्धमा ।**

- **मौलानाको तलब सम्बन्धमा ।**
  कास्कोट स्लामिक मदरसाको मौलानाको तलब संघीय अनुदान मार्फत प्राप्त हुने न्यूनतम पारिश्रमिकभन्दा न्यून रहेकाले गाउँपालिका अनुदान अन्तर्गतको मुस्लिम धार्मिक शिक्षा कार्यक्रम शीर्षकमा विनियोजन भएको रकमबाट रकमान्तरण गरी भुक्तानी गर्ने निर्णय गरियो ।

- **ढुंगा, गिट्टी, बालुवाको निकासी सूचना अनुमोदन सम्बन्धमा ।**
  सरुमारानी गाउँकार्यपालिकाको कार्यालयवाट मिति २०८१।।०८।११ गतेका दिन प्रकाशित माडी नदिवाट ढुंगा, गिट्टी, वालुवा र ग्राभेल उत्खनन गरी विक्रि सम्बन्धी बोलपत्र सम्बन्धी सूचनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

- **जुनियर तथा युवा रेडक्रस सर्कल शिक्षक नायकहरुको जिल्ला स्तरीय गोष्ठी सम्बन्धमा ।**
  सत्य मा.वि. ददेरीको च.न. ०७२ मिति २०८१।८।११ गतेको पत्र तथा कार्यक्रम प्रस्तावना माग अनुसार जुनियर तथा युवा रेडक्रस सर्कल शिक्षक नायकहरुको जिल्ला स्तरीय गोष्ठी संचालनको लागि गाउँपालिकाबाट रु.५०,०००/-कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

CamScanner

- **न्यायिक समितिको अध्ययन भ्रमण सम्बन्धी जानकारी ।**
  यस गाउँपालिकाको न्यायिक समितिको संयोजनमा भएको विभिन्न जिल्लाको अध्ययन भ्रमणको अनुभव र प्रतिवेदन जानकारी भयो ।

- **झोलंगे पुल माग गर्ने सम्बन्धमा ।**
  प्रस्तुत विषयमा सरुमारानी गाउँपालिका वडा नं. ४ को मान्द्रेवस्ती देखि सोही वडाको दह भन्ने वस्ती जोडने अन्दाजी ५५० मिटर लामो झो.पु. माडी नदिमा निर्माण गर्दा स्वर्गद्वारी जाने हजारौ धार्मिक पर्यटकहरुलाई आकर्षण गर्नुको साथै सरुमारानी गाउँपालिका वडा नं. ४ र ऐरावती गाउँपालिकाका बासिन्दालाई आवागमनमा अत्यन्त सहज हुने भएकोले उक्त पुल निर्माणको लागि स्थानीय पूर्वाधार विभाग/सस्पेन्सन बृज डिभिजन, श्री महल पुल्चोक ललितपुरमा माग गर्ने निर्णय गरियो ।

- यस गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धि निर्देशिकाको बारेमा अभिमुखिकरण गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मिति २०८१/०८/१४

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष